# प्रेस विज्ञप्ति- २९३

# Press Release- 293

लागू औषध नियन्त्रण ब्यूरो
Narcotics Control Bureau
कोटेश्वर, काठमाडौ।
मिति: २०७८।०४।०४ गते।

## लागू औषध अफिम ५ किलो ७०० ग्राम सहित मानिस पक्राउ

बिशेष सूचनाको आधारमा लागू औषध नियन्त्रण ब्यूरोबाट खटिएको प्रहरी टोलीले आवश्यक निग्रानी पश्चात ठुलो मात्रामा लागू औषध अफिम सहित मानिस पक्राउ गरी लागू औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम म्याद थप गरी आवश्यक अनुसन्धान कार्य अघि बढाईएको छ।

मिति २०७८।०४।०४ गते लागू औषध नियन्त्रण ब्यूरो, कोटेश्वर काठमाण्डौंबाट प्र.ना.उ. योगेन्द्र कुमार खड्काको कमाण्डमा खटिएको प्रहरी टोलिले प्राप्त बिशेष सूचनाको आधारमा जिल्ला मकवानपुर हेटौडा उप-महानगरपालिका वडा न-२ संगमचोक स्थित सडक खण्डमा हिंडिरहेको अवस्थामा १ जना पुरुष व्यक्ति फेला पारी निजलाई नियन्त्रणमा लिई सोधपुछ गर्दा निज व्यक्ति जिल्ला मकवानपुर साविक छत्तिवन गा.बि.स.वडा न- ८ भई हाल परिवर्तित ऐ. बकैया गाउँपालिका वडा न-५ स्थायी ठेगाना भएका बर्ष ४४ को रत्न भुलनलाई फेला पारी निजले पछाडी पिठ्युमा भिरेको कालो रंगको झोला समेत खानतलासी गर्दा सो झोला भित्र सेतो र रातो रंगको २ वटा पोलिथिनको झोला भित्र लुकाई छिपाई पोका पारी राखेको अवस्थामा **लागू औषध अफिम ५ किलो ७०० ग्राम** फेला पारी निजलाई उक्त लागू औषध अफिम सहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा पेश गरी थप अनुसन्धान कार्य भैरहेको।






प्रहरी उपरीक्षक
(जिवन कुमार श्रेष्ठ)
सम्पर्क नं. ९८५११३२७४३

Contact no.: 014601048, email: ncbnepal@gmail.com Web: https://ncb.nepalpolice.gov.np/, https://www.facebook.com/ncb.nepol